नेपाल सरकार

**अर्थ मन्त्रालय**

# आन्तरिक राजस्व विभाग

लजिम्पाट, काठमाण्डौ

## आय विवरण दाखिला गर्ने म्याद थप सम्बन्धी सूचना ।

आयकर ऐन, २०५८ को दफा ९६(१) मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्रमा दफा ९७, ९८ र १०० को अधिनमा रही सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा ९८ मा दफा ९६ बमोजिम आय विवरण दाखिला गर्नु पर्ने कुनै व्यक्तिले त्यस्तो विवरण दाखिला गर्ने म्यादभित्र विभाग समक्ष थप म्यादको लागि लिखित निवेदन दिएमा मनासिव माफिकको कारण भएमा विभागले एकै पटक वा पटक पटक गरी बढीमा तीन महिनासम्म म्याद थप गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । ऐनमा उल्लेखित व्यवस्था बमोजिम हाल विभागको कम्प्यूटर प्रणाली (Integrated Tax System) मा करदाताले बढीमा तीन महिनासम्मको म्याद थप माग गरेमा स्वचालित रुपमा म्याद थप हुने व्यवस्था रहेको छ ।यस अघि विभागको मिति २०८१/०६/०४ को निर्णयानुसार वार्षिक रु २५ करोडसम्म कारोवार गर्ने करदाताहरु र कारोवार भएका निकायहरुको सम्वन्धमा मंसिर मसान्तसम्म र वार्षिक रु २५ करोडभन्दा बढीको कारोवार गर्ने करदाताहरुको सम्वन्धमा पौष २० गतेसम्म आय विवरण पेश गर्न पाउने भनी म्याद थप गरिएको जानकारी विदित्तै छ ।

निजी क्षेत्रका विभिन्न व्यवसायिक/व्यापारिक छाता संगठनहरु तथा करदाताहरुबाट समेत आय विवरण पेश गर्ने म्याद २०८१ पौष मसान्तसम्म कायम गरिदिन भनी अनुरोध भई आएकाले यस विभागको मिति २०८१/०८/२३ को निर्णयानुसार वार्षिक कारोवार रु १(एक) करोड भन्दा बढीको कारोवार गर्ने करदाताहरुले आ.व.२०८०/०८१ को आय विवरण पेश गर्ने म्याद थप माग गरेमा आन्तरिक राजस्व विभागको Integrated Tax System बाट Automatically २०८१ पौष मसान्तसम्म म्याद थप हुने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।